AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलियाको परिचय

सजिलोसंग पढ्ने

## भाषा

**English**

अष्ट्रेलियाको राष्ट्रिय भाषा अङ्ग्रेजी हो ।



जब तपाईं अष्ट्रेलियामा बस्नुहुन्छ अंग्रेजी बोल्न सिक्नु धेरै महत्वपूर्ण छ ।




अष्ट्रेलियाका केहि व्यक्तिहरूले अन्य भाषाहरू पनि बोल्छन् ।

**२००+**

२०० भन्दा बढी विभिन्न भाषाहरू बोलिन्छन्:

- घरहरू
- समुदायहरू – जो समूहहरू जोडिएको छ



अष्ट्रेलियामा बस्ने लगभग २५% व्यक्ति अर्को देशमा जन्मिएका कारण यस्तो भएको हो ।



एबओरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डरहरु २० भन्दा बढी भाषाहरू बोल्छन ।

हामी यिनलाई आदीबासी भाषाहरू भन्छौ ।

# अष्ट्रेलियाका आदिवासी जनता



एबओरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरु अष्ट्रेलियामा बसेको लगभग ५०,००० वर्ष भैसकेको छ।

हामी तिनीहरूलाई आदीबासी मान्छे पनि भन्छौ।




तिनीहरूसँग संसारको सबैभन्दा पुरानो संस्कृति छन्।



आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरू अष्ट्रेलियाको हरेक राज्य र प्रान्तहरूमा बस्छन्।


अष्ट्रेलियाको विभिन्न भागहरूमा बस्ने आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरहरू फरक छन्:




- भाषाहरु



- सांस्कृतिक मान्यताहरू



- आध्यात्मिक विश्वासहरू

# बहुसाँस्कृतिक अष्ट्रेलिया



अष्ट्रेलियामा संसार भरीका मानिसहरू जान्छन् ।

हामी यी मानिसहरूलाई आप्रवासी भन्छौ ।




सन् १९४५ पश्चात ७.५ मिलियन भन्दा बढी व्यक्तिहरू अष्ट्रेलियामा सरिसकेका छन् ।



यी आप्रवासीहरू मध्ये ८००,००० भन्दा बढी शरणार्थीहरू छन् ।



शरणार्थीहरू ती हुन जो उनीहरू सुरक्षित नभएको कारण आफ्नो मातृभुमि देश छोड्न आवश्यक भएको हुन्छ ।


# १/२

लगभग आधा अष्ट्रेलियनहरू :

- विदेशमा जन्मिएका छन्
- जसका आमाबाबु विदेशमा जन्मेका हुन्छन्



यसले अष्ट्रेलियालाई साच्चै बहुसाँस्कृतिक ठाउँ बनाउँछ।



अष्ट्रेलियाको कुनै आधिकारिक वा राज्य धर्म छैन।



तपाईंले रोज्नु भएको धर्मको अभ्यास गर्न स्वतन्त्र छ।




तपाईंको धर्मले कानून पालना गर्नु आवश्यक छ।




यसमा समावेश कानूनहरू:

- सबै अष्ट्रेलियाका लागि – राष्ट्रमण्डलिय (कमनवेल्थ) कानून
- राज्य र क्षेत्रीय कानून



अष्ट्रेलियनहरू उनीहरूको मान्यताहरू मार्फत एक-अर्कासँग जोडिएको छ।



मान्यताहरू ती कुराहरू हुन् जुन सबै अष्ट्रेलियनहरूले विश्वास गर्छन् :

- समानता – सबैले समान व्यवहार गरेको छ र त्यहि अधिकारहरू छन्



- लोकतान्त्रिक – सबैले कसरी देश चलाउने भन्ने कुरामा भाग लिन सक्छ



- स्वतन्त्रता



- सबैको आदर

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभागको तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन द्वारा प्रदान गरिएको

IOM • OIM